प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कर्णाली प्रदेश कार्यालय

वीरेन्द्रनगर,सुर्खेत

## प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहको वर्गिकृत्त(निःशुल्क) छात्रवृत्ति तर्फका सम्पूर्ण कार्यक्रमहरूको प्रशिक्षार्थी छनोटको योग्यताक्रमको सूची प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना ।

(सुचना प्रकाशन मिति २०८३।०२।२१)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर मिति २०८३।०१।२९ गते प्रकाशित सूचना अनुसार प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूमा वर्गिकृत्त(निःशुल्क) छात्रवृत्ति तर्फ अध्ययनको लागि तोकिएको म्याद भित्र रितपूर्वक अनलाईन आवेदन फाराम भरेका मध्ये **"शैक्षिक सत्र २०८३/०८४ का लागि प्रवेश प्रक्रिया, भर्ना र रजिष्ट्रेशन सम्बन्धा कार्य संचालन मार्गदर्शन २०८३"** बमोजिम रूजु गरी एस.एल.सी/एस.ई.ई को नतिजामा प्राप्त अङ्क/जी.पी.ए का आधारमा स्वीकृत कार्यक्रमहरूको वर्ग र कोटामा योग्यताक्रमानुसार मिति २०८३/०२/२१ गतेको कार्यटोलीको निर्णय बमोजिम मुख्य उम्मेदवार तथा वैकल्पिक उम्मेदवार सहितको योग्यताक्रम र रद्द गरिएका आवेदनहरूको सूची समेत प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरू मिति २०८३।०२।३१ गते आइतबार कार्यलय समय भित्र आफ्नो Application Acceptance Card , योग्यताक्रम सूचिको प्रति, शैक्षिक योग्यताको सक्कल प्रमाण पत्र, नागरिकता वा जन्मदर्ता, छनौट भएको वर्गको सक्कल प्रमाण पत्र, पासपोर्ट साईजको फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जान जानकारी गराईन्छ ।साथै सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम उम्मेदवारले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरू शिक्षालयका प्राचार्यले रूजु गरेर मात्र भर्ना गर्नु गराउनु हुन अनुरोध छ।साथै भर्नाको लागि तोकिएको शिक्षालयमा विभिन्न कार्यक्रमहरूमा भर्ना हुन तोकिएको अन्तिम मिति सम्म भर्ना हुन नआएका उम्मेदवारहरूको लिखित जानकारी परिषद् कर्णाली प्रदेश कार्यालयको ठेगाना exam.kctevt@gmail.com मा अनिवार्य रूपमा ३ दिन भित्रमा गराउनु हुन अनुरोध छ।योग्यताक्रम सूचि विस्तृत विवरण प्रदेश कार्यालयको website: www.ctevtkarnali.org.np र परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको website: www.ctevtexam.org.np मा हेर्न सकिने छ।

नोटः प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका केही कार्यक्रमहरुको पूर्ण शुल्किय तर्फ अत्यन्तै न्यून आवेदनहरू रहेकोले हाललाई सम्बन्धित कार्यक्रमहरूमा वर्गिकृत्त(निःशुल्क) छात्रवृत्ति तर्फको नतिजा प्रकाशन गरिएको तर प्रशिक्षार्थीहरू सिफारिस नगरिएको व्यहोरा जानकारी गराईन्छ। साथै शिक्षालयहरूमा पूर्ण शुल्किय तर्फ प्रशिक्षार्थी भर्ना भई कार्यक्रम सञ्चालन हुने भई माग भई आएमा उत्तीर्ण सूचिमा रहेका प्रशिक्षार्थीहरूलाई छात्रवृत्ति कोटामा सिफारिस गरिनेछ ।

**निर्देशक**

वीरेन्द्रनगर ,सुर्खेत , फोन नं. ०८३-५२३०२०, ०८३-५२१८८५ , E-mail: ctevt.karnali@gmail.com
Website: www.ctevtkarnali.org.np